म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१५ अङ्क:- १४० २०८० चैत २८ गते बुधबार 10 April 2024, Wednesday - पृष्ठ ४ मूल्य रु. ५/-

**डिबिजन वन कार्यालय, मकवानपुरको अनुरोध।**

वन, वन्यजन्तु, जैविक विविधता र प्राकृतिक वातावरणको संरक्षण गर्दै, थप जनधनको क्षति हुनबाट बचाउनु हामी सबैको कर्तव्य हो । तसर्थ वन डढेँलो नियन्त्रण कार्यमा सहयोग गर्न हुन सम्पूर्ण स्थानीय तह, सरकारी तथा गैह्र सरकारी निकाय, वन समूह, संघ–संस्था, पत्रकार लगायत सम्पूर्णमा डिभिजन वन कार्यालय, मकवानपुर हार्दिक अपिल गर्दछ ।

**डिभिजन वन कार्यालय, मकवानपुर**

## ज्ञानदा माविमा १२ कोठाको शैक्षिक भवन बन्ने



*ज्ञानदा माविको शैक्षिक भवनको सिलान्यास गर्नुहुँदै मन्त्री श्रेष्ठ ।*

समाज संवाददाता

हेटौँडाः हेटौँडा-१० स्थित ज्ञानदा माध्यमिक विद्यालयको नयाँ शैक्षिक भवन निर्माण कार्य सुरु भएको छ। ३ तल्लाको १२ कोठे भवन निर्माण कार्यको सुरुवातस्वरुप बागमती प्रदेश सरकारको खानेपानी, उर्जा तथा सिचाई मन्त्री एका लाल श्रेष्ठले मंगलबार बिहान सिलान्यास गर्नुभएको छ। हेटौँडा उपमहानगरपालिका र वडा कार्यालयको संयुक्त लगानीमा १ करोड ६२ लाख २१ हजार रुपैयाँमा निर्माण सम्झौता भएको छ ।

मकवानपुरकै आर एन निहारिका जेभीले निर्माणसम्बन्धी ठेक्का सम्झौता गरेको छ। २०८१ साल पुस १९ गतेसम्म निर्माण सम्पन्न गर्ने गरी सम्झौता भएको छ । कक्षाकोठाको अभाव तथा भएका कक्षाकोठा पनि जीर्ण भइरहेको सन्दर्भमा स्थानीय सरकारको लगानीमा भवन निर्माण लागेको हो । सामुदायिक विद्यालयमा सर्वसाधारणको चासो बढ्दै गएको सन्दर्भमा वडा र पालिकाको संयुक्त लगानीमा भवन निर्माण कार्य सुरु गरिएको हो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष पुष्पराम थापाको अध्यक्षतामा भएको कार्यक्रममा वडाअध्यक्ष फुर्वा दोर्जे लामा, वडा सदस्यहरु गोमा सुनुवार, साधना श्रेष्ठ, ईश्वर मैनाली, विद्यालय व्यवस्थापन समितिका पूर्वअध्यक्ष ईन्द्रप्रसाद नेपाल, रामकुमार विष्ट, शिक्षक, कर्मचारी, पूर्वविद्यार्थीको पनि उपस्थिति रहेको थियो। १० कक्षासम्म पठनपाठन नहुने विद्यालयमा ३ सय विद्यार्थी अध्ययनरत रहेको प्रधानाध्यापक रमेश प्रसाद सुवेदीले जानकारी दिनुभएको छ।

मावि तहसम्म पठनपाठन हुने वडाको एक मात्रै सरकारी विद्यालयको रुपमा रहेको ज्ञानदा माविको सुधारमा वडाले सक्दो प्रयास गर्ने वडाअध्यक्ष फुर्वा दोर्जे लामाले जानकारी दिनुभएको छ । शैक्षिक गुणस्तर सुधारका लागि वडाले समितिनै बनाएर काम गरिरहेको वडाध्यक्ष लामाले स्पष्ट पार्नुभयो ।

## लैंगिक हिंसा न्यूनीकरण अभियान चलाउन आवश्यकः मन्त्री मोक्तान

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेश सरकारकी सामाजिक विकासमन्त्री कुमारी मोक्तानले लैंगिक हिंसा न्यूनीकरणका लागि गाउँ तहसम्म सचेतनाका कार्यक्रमहरु अभियानकै रुपमा चलाउनुपर्ने बताउनुभएको छ। मंगलबार जिल्ला समन्वय समिति मकवानपुरको आयोजना तथा ग्रामीण महिला सेवा केन्द्र मकवानपुरको व्यवस्थापनमा भएको सचेतनामूलक कार्यक्रममा बोल्नुहुँदै उहाँले यस्तो बताउनुभएको हो ।

अझै पनि गाउँगाउँमा सचेतना नभएका कारण महिलाहरु लैंगिक हिंसामा परिरहेको उहाँले बताउनुभयो । उहाँले अहिले गाउँमा मात्र नभई सहरमा पनि अदृश्यरुपमा लैंगिक हिंसाका समस्या महिलाहरुले भोग्नुपरिरहेको उहाँको भनाइ छ । उहाँले परापम्परागत संस्कारहरुले महिला हिंसाबाट पीडित हुन परिरहेको उहाँले बताउनुभयो । उहाँले आफ्नो अधिकारमाथि हस्तक्षेप हुन दिन नहुने पनि बताउनुभयो । उहाँले हिंसा नहुन आफैं सचेत हुनुपर्ने र अरुलाई पनि सचेतना जगाउनुपर्ने बताउनुभयो। उहाँले लैंगिक हिंसाको अन्त्य गर्न पुरुषलाई पनि सचेतना गराउनुपर्ने बताउनुभयो ।

जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलानले अहिले पनि पुरुषले महिलाको तुलनामा समाजमा स्वतन्त्रता पाएको बताउनुभयो । यसले गर्दा पनि महिला घरभित्रै दवावमा बस्नुपर्ने अवस्था भएको र हिंसा हुने गरेको उहाँले बताउनुभयो । उहाँले अहिले समाजमा महिला र पुरुषका लागि समानता र समतामूलक समाज हुनुपर्ने आवश्यकता रहेको बताउनुभयो। त्यसपछि मात्र महिला र पुरुषले समान अधिकारको प्रत्याभूति हुने उहाँको भनाइ छ ।

कार्यक्रममा जिल्ला वार एसोसिएसन मकवानपुरकी अध्यक्ष अप्सरा बस्नेत, माइती नेपाल मकवानपुरकी संयोजक माया लामा र जिल्ला प्रहरी कार्यालय मकवानपुरकी महिला तथा जेष्ठ नागरिक सहायता इकाई प्रमुख प्रहरी सहायक निरीक्षक संगीता लामाले सहजीकरण गर्नुभएको छ। सहभागीहरुलाई जिल्ला वारकी अध्यक्ष बस्नेतले लैंगिक हिंसा र कानुनी व्यवस्थाबारे जानकारी गराउनुभएको थियो । प्रहरी सहायक निरीक्षक लामाले चालु आर्थिक वर्षको फागुनसम्म जिल्ला प्रहरी कार्यालयमा १ सय ८८ वटा घरेलु हिंसाका घटनामा उजुरी परेको र १ सय १४ जनाको मिलापत्र भएको बताउनुभयो। यस्तै, ५० वटा मुद्दा अदालतमा पुगेको छ । उहाँले महिला, बालबालिका तथा जेष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता हुनुका कारण चेतनामा वृद्धि भएका कारण, सामाजिक सञ्जालको दुरुपयोग र अशिक्षाजस्ता प्रमुख कारण रहेको बताउनुभयो ।

कार्यक्रममा जिल्ला समन्वय समितिका सदस्यहरु खड्कबहादुर पुलामी, वीरेन्द्रकुमार लामा, सुवर्ण गोपाली, तारा ढुङ्गाना, सुमित्रा थिङ, विष्णुमाया थपलिया, सुनिता दर्नाल र ग्रामीण महिला सेवा केन्द्र मकवानपुरकी अध्यक्ष सुलोचना स्याङ्तानलगायतको उपस्थिति रहेको थियो।

**हेटौंडा रिफरेन्स ल्याबरोटरी**

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि HRL

**हेटौंडा रिफरेन्स ल्याबरोटरी**

हेटौंडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७

## हेटौँडामा कक्षा-८ को नतीजा सार्वजनिक
## ४२२ जना अनुत्तिर्ण

समाज संवाददाता

हेटौँडाः हेटौँडा उपमहानगरपालिकाले ८ कक्षाको वार्षिक परीक्षाको नतीजा सार्वजनिक गरेको छ । मंगलबार साँझ उपमहानगरपालिकाले नतीजा सार्वजनिक गरेको हो । उपमहानगरपालिकाको शिक्षा विकास महाशाखाले मंगलबार सार्वजनिक गरेको नतीजाअनुसार ४ सय २२ जना विद्यार्थी अनुत्तिर्ण भएका छन् ।

परीक्षामा ३ हजार ८ सय ९४ जना विद्यार्थी सहभागी भएका थिए । जीपीए ३.६१ देखि ४.० सम्म प्राप्त गर्ने विद्यार्थीको संख्या ४ सय ६९ रहेको छ । जीपीए ३.२१ देखि ३.६० प्राप्त गर्ने ८ सय १९ जना रहेका छन् । जीपीए २.८१ देखि ३.२ प्राप्त गर्ने १ हजार १ सय ४९ जना रहेका छन्। यस्तै जीपए २.०१ देखि २.४० प्राप्त गर्ने विद्यार्थीको संख्या १ सय ८७ रहेका छन् । १.६१ ग्रेडदेखि २.०० जीपीए प्राप्त गर्ने विद्यार्थी २४ जना रहेका छन्। चैत ४ गतेदेखि १० गतेसम्म कक्षा ८ को वार्षिक परीक्षा भएको थियो । उपमहानगरले सार्वजनिक गरेको नतीजामा चित्त नबुझे १० दिनभित्र पुनर्योगका लागि विद्यालयको सिफारिससहित उपमहानगरको शिक्षा विकास महाशाखामा सम्पर्क राख्न आग्रह गरेको छ ।




# एसईई सकियो

**सबै विद्यार्थी साथीहरुलाई बधाई**

यो साता आराम गर्नुस्




**अर्को साताका लागि हामी विशेष योजना लिएर आउनेछौं ।**

# सम्पादकीय

## स्थानीय उत्पादन प्रवर्द्धन

नेपाललाई कृषिप्रधान देश भनिन्छ । यहाँका करिब आधा जनसंख्या कृषिमा आश्रित भएका कारण कृषिप्रधान देश भनिनु सान्दर्भिक होला तर, अधिकांश कृषि उत्पादनमा आत्मनिर्भर नभएको देशलाई कृषिप्रधान भनिनु न्यायोचित पक्कै हुँदैन । हाम्रो देशको कृषि प्रणाली, कृषि उत्पादन र बजारीकरणमा धेरै समस्या तथा चुनौतीहरु विधमान छन् । हाम्रो देशको कृषि जीवन निर्वाहमुखी छ । कृषियोग्य भूमि धमाधम प्लटिङ भएर घर बनिरहेका छन् । जमिनको खण्डीकरण बढ्दै गएर कृषि उत्पादन घट्दै गएको छ । छरिएर रहेको कृषि उत्पादन प्रणालीलाई आधुनिक, व्यावसायिक र प्रतिस्पर्धी बनाउन सहज भइरहेको छैन । कृषि उत्पादनले सुनिश्चित बजार पाउन सकेको छैन । कृषि उत्पादन र उत्पादकत्व अपेक्षित रुपमा वृद्धि हुन सकिरहेको छैन । कृषिजन्य कच्चापदार्थ प्रयोग गरेर सञ्चालन हुने उद्योग पर्याप्त खुल्न सकेको छैन । कृषि व्यवसाय प्रवर्द्धन गर्न पनि कठिन भइरहेको छ ।

देश संघीयतामा गएपछि आम नागरिकको घरदैलोको सरकारको रुपमा स्थानीय सरकारलाई मानिएको छ । प्रत्येक स्थानीय सरकारले आफ्नो क्षेत्रको जमिनको अवस्था र कृषि उत्पादनको सम्भावनालाई ध्यानमा राखेर स्थानीय कृषिजन्य उत्पादन र बजारीकरणमा सहजीकरण गर्नु आवश्यक छ । तर, अधिकांश स्थानीय सरकारले कृषिको आधुनिकीकरण, व्यावसायिकरण र स्थानीय कृषिजन्य उत्पादनको बजार प्रवर्द्धनमा पर्याप्त ध्यान दिन सकेको छैन । सरकारले करिब दुई दशकअघि नै कृषि उत्पादनको प्रभावकारी बजार व्यवस्थापन प्रणालीको विकास गर्दै राष्ट्रिय अर्थतन्त्रमा टेवा पुऱ्याउन राष्ट्रिय कृषि नीति, २०६१ र कृषि व्यवसाय प्रवर्द्धन कार्यलाई गति प्रदान गर्न कृषि व्यवसाय प्रवर्द्धन नीति, २०६३ लागू गरेको छ ।


मकवानपुर जिल्लाको हेटौंडा उपमहानगरपालिकाले स्थानीय उत्पादनको प्रवर्द्धन गर्ने काम सुरु गरेको छ । हेटौंडा-१२, घलेगाउँका महिलाहरुले उत्पादन गरेको गुन्द्रुकको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा प्रवर्द्धन गर्न नगरप्रमुख मीनाकुमारी लामाले बताएकी छिन् । कञ्चनजंगा कृषि सहकारी संस्था लिमिटेड लघु उद्यमी उद्योगले उत्पादन गरेको गुन्द्रुकको अनुज्ञापत्र हस्तान्तरण गर्दै नगरप्रमुख लामाले महिला उद्यमीलाई प्रोत्साहन गर्न, उनीहरुको उत्पादनलाई बजारसम्म पुऱ्याउन उपमहानगरले प्रयास गरिरहेको बताएकी हुन् । उपमहानगरले गत असोजमा उक्त उद्योगसँग एक लाख रुपैयाँ सहयोग गर्ने सम्झौता गरेको र हालैमात्र उक्त रकम प्रदान गरेको छ । नगर प्रमुखकै सुझावअनुसार गुन्द्रुक उत्पादन गरिएको भए पनि समयमै सहयोग प्रदान नगरेको र उत्पादित गुन्द्रुकको बजार प्रवर्द्धन नभएका कारण करिब ३ लाख रुपैयाँ मूल्यको गुन्द्रुक बिक्री नभएर राख्नुपरेको बताइएको छ । नगर प्रमुखले उत्पादन गरेको गुन्द्रुकको बजार सुनिश्चित गरिदिन्छौं भने पनि अहिलेसम्म त्यसको ठोस प्रयास नहुँदा महिला उद्यमीले उत्पादन गरेको गुन्द्रुक थन्क्याएर राख्नुपरेको छ ।

उद्यमी महिलाहरुले सहकारीमार्फत् १५ कठ्ठा जमिन भाडामा लिएर रायोको साग खेती गरेर गुन्द्रुक उत्पादन गरे पनि बिक्री नहुँदा उनीहरु चिन्तित बनेका छन् । सहकारीमा आवद्धमध्ये १५ जना महिलाको समूहले करिब ८० हजार रुपैयाँ लागतमा गुन्द्रुक उत्पादन गरेको र हालसम्म एक लाख ५० हजार रुपैयाँ बराबरको गुन्द्रुक बिक्री गरिसकेको छ । उद्योगको अनुज्ञापत्र हस्तान्तरण गर्दै नगरप्रमुख लामाले राष्ट्रिय, अन्तर्राष्ट्रिय बजारमा गुन्द्रुक प्रवर्द्धन गर्ने बताएकी छिन् । तर, प्रवर्द्धनको ढाँचा र ठोस नीति उपमहानगरसँग छैन । नगरप्रमुखले हेटौंडाका होटल व्यवसायीलाई गुन्द्रुक किनिदिन आग्रह गर्नेबाहेक बजार प्रवर्द्धनको अन्य प्रयास सुरु गरिएको छैन । हेटौंडा उपमहानगरपालिकाले स्थानीय कृषिजन्य उत्पादनको प्रवर्द्धन र प्रभावकारी बजारीकरणका लागि ठोस नीति बनाएर उत्पादनमा सहुलियत दिने वा सहयोग गर्ने हो भने हेटौंडामा गुन्द्रुकजस्तै अन्य थुप्रै स्थानीय उत्पादनको प्रवर्द्धन सहज हुनेछ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईंको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

- **मेष** : भेटघाट र पारिवारीक मिलन हुने समय छ ।
- **वृष** : व्यवस्थापकीय क्षमताको उपयोग हुने समय छ ।
- **मिथुन** : सामाजिक र धार्मिक काममा दौडधूप होला ।
- **कर्कट** : कल्पना र भावनामा रमाइने योग छ ।
- **सिंह** : आत्मीय मित्रको स्वास्थ्यमा समस्या आउँला ।
- **कन्या** : अध्ययन–अध्यापनको काम मध्यमकारक छ ।
- **तुला** : शिक्षा–दीक्षाका काममा प्रसिद्धि प्राप्त होला ।
- **वृश्चिक** : पढाई– लेखाईमा त्यति मन नजाला ।
- **धनु** : मर्यादा र मानप्रति सचेतता अपनाउनुपर्ला ।
- **मकर** : बौद्धिक र ज्ञाननिष्ठ क्षेत्रमा सरिक भइने छ ।
- **कुम्भ** : धार्मिक तथा समाज सेवाका काममा सरिक ।
- **मीन** : व्यापार– व्यवसाय मध्यमकारक नै रहला ।

# लोकतन्त्रका मानक राष्ट्र कहाँ छन्, नेपाल कहाँ छ ?

**विश्वका समृद्ध भनिएका र आदर्श मानिएका मुलुकहरू पनि दुर्दशाले घेरिएका छन् । त्यो दुर्दशाको आगोमा पिल्सिनुभन्दा आफ्नै मुलुकमा पसिना बगाउन बेस भन्ने भाष्यको विकास गर्ने कि ?**



✍ खिमलाल देवकोटा



सन् १९४७, जतिवेला भारत स्वतन्त्र हुँदैथियो, नेपालमा राणाशासन अन्त्यको आन्दोलनको सुरसार हुँदैथियो । उता चीनमा जनवादी गणतन्त्रको जग बसाल्ने सुरसार मात्रै हुँदैथियो । बेलायती प्रधानमन्त्री विन्स्टन चर्चिलले ऐलान गरिदिए कि यो पापी दुनियाँमा धेरै प्रकारका सरकारहरूको अभ्यास र परीक्षण भयो तर कसैले पनि यो दाबी गर्न सक्दैन कि लोकतन्त्र विवेकी र उत्कृष्ट व्यवस्था भएका कारणले यसलाई अपनाइएको हो । योभन्दा असल व्यवस्था नभएका कारणले यसलाई अनुसरण गर्नु परेको हो ।

चर्चिलले यस्तो ऐलान गरेको आज ७७ वर्ष पुग्यो । तर त्यही खराब भनिएको व्यवस्था आजको दुनियाँमा लोकतन्त्रको निम्ति असल मानक बनेको छ । त्यही खराब व्यवस्थाको पनि परिपालना भएन भन्ने दुनियाँको चिन्ता छ । त्यसै चिन्ताका वरिपरि भौंतारिएको नेपाली लोकतन्त्रका बारेमा चर्चा गर्ने प्रयत्न यस लेखमा गरिएको छ ।

नेपालको लोकतन्त्रको चर्चा गर्नुभन्दा अघि विश्व लोकतन्त्रको चर्चा गरौं । विश्व लोकतन्त्रको मानक बनाइएको मुलुक अमेरिका जहाँ लोकतन्त्रको ६०औं चुनावको सरगर्मी चलेको छ । चुनावका मुख्य हस्तीका रूपमा अघिल्लो निर्वाचनमा दोस्रो जित हासिल गर्न नसकेका डोनाल्ड ट्रम्प मैदानमा छन् । उनका प्रतिस्पर्धीका रूपमा अघिल्लो चुनावमा उनै ट्रम्पलाई हराएका जो बाइडेन पुनः मैदानमा उत्रिने भएका छन् ।

सबैलाई भलिभाँती जानकारी नै छ कि सन् २०२० को निर्वाचनमा धाँधली भयो भन्ने आरोप लगाउने ट्रम्प यस पटकका पनि सम्भावित उम्मेदवार हुन् । आगामी चुनावमा पनि परिणाम आफ्नो पक्षमा नपरेमा निर्वाचन प्रक्रिया बिथोल्ने, निर्वाचन परिणाम अस्वीकार गर्ने र सोका निम्ति जुनसुकै हर्कत गर्न पनि पछि नपर्ने निर्वाचन सुरक्षा विज्ञहरूले चेतावनी दिएका छन् ।

यति मात्र हैन, सन् २०२० कै चुनावमा विदेशी हस्तक्षेप त्यसमा पनि रूसी हस्तक्षेपको आरोप लागेको थियो । सो सम्भावना आगामी निर्वाचनमा झन् बढेर जानेछ । वैदेशिक हस्तक्षेपको सम्भावना काफी मात्रामा छ भन्ने संकेतहरू देखिन थालेका छन् । एकातिर अमेरिकाको घरेलु राजनीति गहिरो संकटबाटै गुज्रिएको छ भने अर्कोतिर अनियन्त्रित सामाजिक सञ्जाल प्रयोगको दुरुपयोग, त्यसमाथि प्रतिबन्ध लगाउन गरिने तमाम प्रयत्नहरू झगडाको बीउहरू रहने छन् ।

सबैभन्दा खतरनाक सम्भावना त आर्टिफिसियल इन्टेलिजेन्टको उदयको छ जसको प्रयोग र दुरुपयोगको प्रतिस्पर्धामा चुनावी परिणाम भर गर्नेछ । अप्रिल फुलकै दिन पारेर न्युयोर्क टाइम्सले केही समाचार छाप्यो । उसले दाबी गऱ्यो कि चिनियाँ र रूसीहरूले अमेरिकाको निर्वाचनका विरुद्ध षड्यन्त्र गर्दैछन्, सामाजिक सञ्जालहरूमा ट्रम्प समर्थक थुप्रै नक्कली खाताहरू खोलेर भ्रमपूर्ण सूचनाहरू सम्प्रेषण गर्दैछन् । यतिसम्म भ्रमपूर्ण सूचना कि चुनाव अघि नै नोभेम्बरमा नै राष्ट्रपति वाइडेनमाथि आक्रमण हुनेछ, युक्रेन युद्ध भड्काउने बारेमा कुराहरू भएका छन् र नाटोबाट फिर्ता हुने डोनाल्ड ट्रम्पको योजना सार्वजनिक हुनेछ लगायत ।

यस्ता समाचारहरूले अमेरिकी आन्तरिक राजनीति र सुरक्षाको आकलन गर्न सकिन्छ । गर्भपतन, आप्रवासी समस्या, अमेरिकी अर्थतन्त्र जस्ता र राजनैतिक मुद्दाहरू अब ओझेल पर्नेछन् भन्ने पूर्वानुमान हुँदैछ । अब राजनैतिक एजेन्डामा चुनाव हुन कठिन छ । धाँधली, बल प्रयोग, कब्जा, षड्यन्त्र र विपक्षीको शारीरिक वा चारित्रिक हत्या अब बलशाली साधन बन्न थालेका छन् ।

अमेरिकाको आमने-सामनेमा युद्ध मैदानमा रहेको अर्को मुलुक हो रसियन फेडेरेशन जहाँ विगत वर्षदेखि नै भ्लादिमिर पुटिन राष्ट्रपतिका रूपमा छन् । त्यो मुलुकमा पनि भर्खरै मार्च १५ देखि १७ सम्म निर्वाचन सम्पन्न भयो । यो आठौं राष्ट्रपतीय निर्वाचन थियो । पाँचौं कार्यकालका लागि लडेको निर्वाचनमा कुल खसेको मतको ८८ प्रतिशत मत पुटिनले प्राप्त गरे । उनका प्रतिद्वन्द्वीले भने जम्मा ४ प्रतिशत मात्रै मत प्राप्त गरे । आगामी मे महिनाको ७ तारिखमा उनले पाँचौं कार्यकालका लागि राष्ट्रपतिका रूपमा पदभार पुनः ग्रहण गर्नेछन् ।

निर्वाचनका लागि युद्ध विरोधी मञ्चका नेताको रूपमा पूर्व सांसद वोरिस, रूसी कम्युनिस्ट पार्टीका नेता निकोले खारिटोनोभ, लिबरल डेमोक्रेटिक पार्टीका लियोनिद, न्यु पिपुल्स पार्टीका भ्लादिस्लाव समेतले उम्मेदवारी घोषणा गरेर चुनावी मैदानमा उत्रिएका थिए । तर निर्वाचन आयोगले तिनको उम्मेदवारी विभिन्न कारण देखाउँदै रोकेको थियो ।

प्रमुख प्रतिद्वन्द्वीका रूपमा देखिएका एलेक्सेई निर्वाचनको दौरानमा पक्राउ गरी जेलमा राखियो र पछि उनको जेलमा नै मृत्यु भयो । अन्य निर्वाचनमा खडा भएका उम्मेदवारहरूको मनोनयनपत्रमा समर्थक र प्रस्तावकहरूको वैधतामाथि प्रश्न उठाउँदै उनीहरूको उम्मेदवारी खारेज गर्ने काम निर्वाचन आयोगले गरेको थियो ।

अन्ततः निर्वाचनमा खडा भएका चार मध्ये एकको उम्मेदवारी खारेज, एक निर्वाचनका बखत पक्राउ गरी जेल चलान गरेकोमा जेलमा नै मृत्यु, बाँकी रहेका दुईमध्ये एक निकोलाई खारिटोनोभ कम्युनिस्ट नेताले ३७ लाख ६८ हजार ४७० मत अर्थात् ४.३७ प्रतिशतका विरुद्ध भ्लादिमिर पुटिनले ७ करोड ६२ लाख ७७ हजार ७०८ अर्थात् ८८.४८ प्रतिशत मत प्राप्त गरी विजयी घोषणा गरिएको अवस्था छ । यो निर्वाचनका बारेमा अन्तर्राष्ट्रिय पर्यवेक्षकहरूको टिप्पणी निकै कडा छ ।

अर्को शक्तिशाली मुलुक भारत जहाँ निर्वाचनको माहौल जारी छ । लामो समयदेखि नै नरेन्द्र मोदी प्रधानमन्त्रीका रूपमा छन् । यतिबेला उनी चौधौं प्रधानमन्त्रीका रूपमा कार्यभार सम्हाल्दै छन् । अबको निर्वाचनवाट उनी पन्ध्रौं प्रधानमन्त्रीका रूपमा भारतको नेतृत्व गर्ने करिब करिब निश्चितै छ । निर्वाचित अधिनायकवादीका रूपमा उदाएका मोदी विपक्षीप्रतिको असहिष्णु व्यवहारका कारण आलोचित बन्दै आएका छन् ।

जतिसुकै आलोचित भए पनि सामाजिक सञ्जालमाथिको कब्जा, सञ्चार माध्यम उपरको एकाधिकार र विपक्षीमाथिको कारबाहीको डण्डा उनका चुनाव जित्ने हतियार बनेका छन् । सन् २०२३ को अन्त्यसम्ममा एकै अधिवेशनमा १४६ सांसदहरू निलम्बन भए । निलम्बनको कारण सरकारको विरोध गरेर सुरक्षा र व्यवस्थामा खतरा पुऱ्याउन खोजेको भन्ने थियो ।

त्यसो त राजिव गान्धी प्रधानमन्त्री भएका बखत सन् १९८९ मा ६३ सांसदहरू निलम्बनमा परेको अवस्था भने थियो । निर्वाचनकै दौरानमा मोदीलाई टक्कर दिनसक्ने ठानिएका आम आदमी पार्टीका नेता तथा दिल्लीका मुख्यमन्त्री अरविन्द केजरीवाल अहिले जेलमा छन् । सन् १९५० मा जन्मिएका सन् २००० मा गुजरातको मुख्य मन्त्री हुँदा गुजरात काण्डमा दोषी ठहर भई अमेरिका लगायतका मुलुकहरूले भिसा अस्वीकार गरेका उनै नरेन्द्र मोदी २०१४ मा प्रधानमन्त्री भएदेखि निरन्तर सत्तामा र निरन्तर प्रधानमन्त्रीका रूपमा छन् । यसपछिको निर्वाचनमा पनि विजयी भई एकल बहुमतको प्रधानमन्त्री हुने पक्का जस्तै छ ।

मोदीको लगातार जित तर, यो जनादेशलाई लोकतन्त्रको मृत्यु र तानाशाहीको विजयका रूपमा अन्तर्राष्ट्रिय प्रतिवेदनहरूले उद्धृत गर्ने गरेका छन् । अमेरिका वेस फ्रिडम हाउस रिपोर्ट २०२४ ले भारतलाई अर्ध स्वतन्त्रता भएको देशका रुपमा उल्लेख गर्दै एक खराब अधिनायकवादी मुलुकको मार्गमा उद्यत रहेको बताएको छ । स्विडेन आधारित एक संस्थाले सन् २०१८ मा नै निर्वाचित निरंकुश शासकका रूपमा चित्रित गरेको थियो । इकोनोमिक इन्टेलिजेन्ट युनिटले आफ्नो लोकतन्त्रको सूचकांकमा २०२२ मा नै भारतलाई फल्टी लोकतन्त्रका रूपमा चित्रित गरेको थियो ।

निर्वाचित अधिनायकवादीहरूका बीचमा नेपाल छ । उत्तर छिमेकी चीन कम्युनिस्ट मुलुक भइकन पनि मिति नबिराइकन पाँच वर्षमा पार्टीको महाधिवेशन हुने र हरेक पाँच वर्षमा हुने महाधिवेशनमा एकतिहाइ सदस्य बिदा हुने अर्को एक तिहाइ सदस्य नयाँ आउने र हरेकको कार्यकाल अधिकतम दुई कार्यकाल मात्रै हुने कुराले सबैका लागि अवसर भन्ने स्थापित गरेको थियो तर सी जिङ पिङको उदयपछि उनको हकमा यो अवधि लागू नहुने भएको छ ।

झन्डै विश्वको आधा जनसंख्या निर्वाचित अधिनायकवादको यात्रामा लिप्त छ । संसारमा यतिवेला दक्षिणपन्थ हावी छ । त्यसै सेरोफेरोमा नेपाल छ । नेपाल जस्ता मुलुकहरूले लोकतन्त्रको मानक बनाउने मुलुक तिनै हुन्, अरू छैनन् । भारतलाई सबैभन्दा ठूलो लोकतन्त्र, अमेरिकालाई प्रतिस्पर्धी लोकतन्त्र, चीन र रूसलाई आधुनिक लोकतन्त्रको क्याटेगोरीमा राख्न नेपाल बाध्य छ ।

उपरोक्त पृष्ठभूमिमा नेपालको लोकतन्त्रका बारेमा चर्चा गर्नु पर्दा हामीलाई दुःख लाग्छ । तर त्यो स्तरको स्खलन नेपालमा आएको छैन भन्न करै लाग्छ । तैपनि हामी नेपालको लोकतन्त्रका बारेमा वाक्क भएका छौं । नेपालको निर्वाचन प्राणाली महँगो भयो, यसलाई बदल्नुपर्छ भन्ने आवाज उठाइरहेका छौं । नेपालको राजनीतिका हजार कमजोरी होलान् तर तिनीहरू आदर्श मानिएका मुलुकका तुलनामा कमै छन् कि भन्नुपर्ने अवस्थामा हामी छौं ।

मुलुक बनेन किन बनेन, बन्छ कि बन्दैन, बन्दैन भन्ने निष्कर्षका आधारमा युवा जमात आदर्श मानेका मुलुकको यात्राका लागि मृत्युमार्ग रोज्न पनि तयार छन् । युवाहरूले स्वर्ग ठानेका मुलुकहरूको यो हालतको व्याख्यान पुगेको छैन । त्यो हदसम्मको हर्कत नेपालमा भएको छैन ।

कमसेकम निर्वाचनमा हारेपछि हारेकालाई जिताइदिन न्यायाधीश नियुक्त गर्ने र ती आफैंले नियुक्त गरेका न्यायाधीशले पनि जिताउन नसकेपछि निर्वाचन घोषणा गर्नुभन्दा अघि सभामुखलाई आक्रमण गरेर ज्यान लिन सकियो भने निर्वाचन परिणाम घोषणा हुन सक्दैन र नयाँ राष्ट्रपतिको निर्वाचन भए पनि निर्वाचन परिणाम घोषणा नभएका कारणले आफ्नो राष्ट्रपतीय पदको निरन्तरता हुने आशाले जे पनि गर्ने काम नेपालमा भएको छैन र हुँदैन सायद ।

निर्वाचित राष्ट्रपतिलाई सुरक्षा ब्रिफिङ नगर्न र गर्न लागेमा हस्तक्षेप गर्नेसम्मका काम पनि नेपालमा भएको छैन र हुँदैन सायद । यो तथ्य आज भोलि अमेरिका जान ठिक्क परेका युवाहरूका लागि झुटा लाग्ला तर यो दिनको घाम झैं छर्लङ्ग भएको सत्य हो भन्ने कुरा बताइदिनुपर्छ ।

अब यसो हो भने आफ्नै मानक तयार गरेर लोकतन्त्रको विकास र अभ्यास गर्ने र राष्ट्र निर्माणमा जुट्ने विकल्प बाँकी छ । यसै विकल्पका लागि जनमत तयार गरौं । विश्वका समृद्ध भनिएका र आदर्श मानिएका मुलुकहरू पनि दुर्दशाले घेरिएका छन् । त्यो दुर्दशाको आगोमा पिल्सिनुभन्दा आफ्नै मुलुकमा पसिना बगाउन बेस भन्ने भाष्यको विकास गर्ने कि ? *(स्रोत: अनलाईनखबर)*

# २ बालकको मृत्यु, एक वृद्ध मृत फेला

समाज संवाददाता

हेटौंडाः छुट्टाछुट्टै घटनामा एकैदिन २ बालक र एक वृद्धको मृत्यु भएको छ। बागमती प्रदेशको धादिङ र काभ्रेमा दुई बालकको मृत्यु भएको छ भने रामेछापमा एक जना वृद्ध मृत फेला परेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ।

धादिङ जिल्लाको ज्वालामुखी गाउँपालिका-१, पिपलटारमा बोलेरोले ठक्कर दिँदा बालकको मृत्यु भएको छ। मृत्यु हुनेमा ६ वर्षीय रमन कुमाल रहेको प्रहरीले जानकारी दिएको छ।

सोमबार बिहान ७ बजेर ५० मिनेटको समयमा पिपलटारबाट धादिङबेशीतर्फ जाँदै गरेको बा १९ च १६६४ नम्बरको बोलेरो गाडी ब्याक गर्ने क्रममा कुमाललाई ठक्कर दिँदा बालकको घटनास्थलमै मृत्यु भएको थियो। बलेरो चालक धादिङ, ज्वालामुखी बस्ने ४१ वर्षीय शिवबहादुर कुमाललाई नियन्त्रणमा लिएको प्रहरीले जानकारी दिएको छ।

काभ्रेपलाञ्चोक जिल्लाको तेमाल गाउँपालिका-४, भञ्ज्याङमा बालकको मृत्यु भएको छ। मृत्यु हुनेमा ६ वर्षीय कोलाक्पा तामाङ रहेको प्रहरीले जानकारी दिएको छ।

तामाङ ३ दिन अगाडि मामाघर ठूलो फर्सेल गएकोमा आमाले नुहाउन लाग्दा एक्कासी कामेर बेहोस भएका थिए। तामाङलाई उपचारका लागि धुलिखेल शाखा अस्पताल बाल्देफेदी लगिएकोमा उपचारको क्रममा सोमबार डाक्टरले मृत घोषणा गरेको प्रहरीले जानकारी दिएको छ।

यस्तै, रामेछाप जिल्लाको रामेछाप नगरपालिका-६, हुदिलमा एक जना वृद्ध मृत अवस्थामा फेला परेका छन्। मृत फेला पर्नेमा ७३ वर्षीय तेजबहादुर कार्की रहेको प्रहरीले जानकारी दिएको छ। सोमबार बिहान ११ बजेर ४५ मिनेटको समयमा कार्की आफ्नै घरमा कोही नभएको अवस्थामा मृत अवस्थामा फेला परेको प्रहरीले जानकारी दिएको छ।

# इन्द्रसरोवर गाउँपालिकाको कक्षा ८ को परीक्षाको नतिजा प्रकाशन

समाज संवाददाता

हेटौंडाः मकवानपुरको इन्द्रसरोवर गाउँपालिकामा कक्षा-८ को परीक्षाको नतिजा प्रकाशन भएको छ। कक्षा-८ को नतिजा प्रकाशन चैतको २० गते मंगलबार भएको थियो। मंगलबार भएको नतिजा प्रकाशनमा ७३ जना विद्यार्थीहरु उत्तीर्ण भएका छन्। गाउँपालिकामा कक्षा-८ सम्म पढाई हुने विद्यालयहरु ७ वटा रहेको इन्द्रसरोवर गाउँपालिकाको शिक्षा शाखाका अधिकृत धर्मानन्द पन्तले जानकारी दिनुभयो।

गाउँपालिकामा कक्षा-८ मा भर्ना भएको विद्यार्थी संख्या एक सय ७२ जना रहेका थिए जसमा एक सय ५१ जना विद्यार्थीहरुले फारम भरेर बुझाएका थिए भने २१ जनाले फारम बुझाएका थिएनन् र परीक्षा पनि दिएनन्। परीक्षा चैतको २ गते शुक्रबारबाट सुरु हुन गई चैत ९ गते शुक्रबार सकिएको शिक्षा शाखा अधिकृत पन्तले जानकारी दिनुभयो।

परीक्षा दिएका एक सय ५१ जना विद्यार्थीहरुमध्ये ७३ जना विद्यार्थीहरु उत्तीर्ण भएका र ७८ जना विद्यार्थीहरु अनुत्तीर्ण भएको उहाँले बताउनुभयो। उहाँका अनुसार गत वर्षको परीक्षाको नतिजाभन्दा यस वर्षको नतिजा सुधारिएको छ।

# मन्टेश्वरी विधिमा आधारित सहजीकरणसम्बन्धी तालिम सुरु

समाज संवाददाता

हेटौंडाः मकवानपुरगढी गाउँपालिकाको आयोजनामा बाल विकास कक्षा सहजकर्ताहरुका लागि मन्टेश्वरी विधिमा आधारित सहजीकरणसम्बन्धी तालिम सुरु भएको छ। मकवानपुरगढी गाउँपालिका-२ स्थित चण्डिका माविमा २५ गतेबाट सुरु भएको तालिम २९ गते शुक्रबारसम्म सञ्चालन हुने गढी गाउँपालिकाका शिक्षा सहजकर्ता कमल फुयाँलले जानकारी दिनुभयो।

तालिमका पहिलो चरणमा मकवानपुरगढी गाउँपालिकाका २७ जना बाल विकास सहजकर्ताको सहभागिता रहेको छ। बैशाखको पहिलो हप्ता दोस्रो चरणमा थप २७ जनालाई सहजीकरण गरिने फुयाँलले जानकारी दिनुभयो।

तालिममा बालबालिकामा व्यवहारको विकास, खेल्दै सिक्दै वृद्धि विकास, विभिन्न कलाको विकास, बाल शैक्षिक सामग्री आदि विभिन्न माध्यमबाट प्रारम्भिक बाल विकास कक्षाका विद्यार्थीलाई कसरी पठनपाठन गर्ने भन्ने विषयमा सहजीकरण गरिरहेको उहाँले जानकारी दिनुभयो। तालिमको सहजीकरण मन्टेश्वरी सञ्चालक मेनुका ब्लोनले गरिरहनु भएको छ।

# नि:शुल्क शिक्षा घोषणा अभियान नारासहित भर्ना अभियान सुरु

समाज संवाददाता

हेटौंडाः मकवानपुरगढी गाउँपालिका-३ स्थित भानु माध्यमिक विद्यालयले नि:शुल्क शिक्षा घोषणा अभियान २०८१ सुरु गरेको छ। विद्यालयले सोमबारबाट शैक्षिक सत्र २०८१ का लागि अभिभावक भेटघाट कार्यक्रमअन्तर्गत् गाउँपालिकाको मुख्य नारासहित भर्ना अभियानको सुरुवात गरेको विद्यालयका शिक्षक शान्तप्रसाद दहालले जानकारी दिनुभयो।

विद्यालयमा गत वर्षको तुलनामा यसवर्ष ३ प्रतिशतले विद्यार्थी कम उत्तीर्ण भएका छन्। गतवर्ष ९० प्रतिशत विद्यार्थी उत्तीर्ण भएका थिए भने यसवर्ष ८७ प्रतिशत विद्यार्थी उत्तीर्ण भएको दहालले जानकारी दिनुभयो। गतवर्षको तुलनामा यसवर्ष अझ बढी विद्यार्थी थपिने अपेक्षा राखेको उहाँले जानकारी दिनुभयो।

बागमती प्रदेश सरकारबाट अनिवार्य तथा नि:शुल्क शिक्षा लागू भएको स्थानीय तह घोषणा कार्यमा गढी गाउँपालिका २०८१ जेठ मसान्तभित्र अनिवार्य तथा नि:शुल्क शिक्षा लागू कार्ययोजनाअनुसार नै भर्ना अभियानको सुरुवात गरेको शिक्षक दहालले जानकारी दिनुभयो।

# बसपार्कमा घण्टाघरको शिलान्यास

समाज संवाददाता

हेटौंडाः हेटौंडा-१०, बसपार्कमा पारिजात घण्टाघरको शिलान्यास भएको छ। सोमबार बिहान हेटौंडा उपमहानगर पालिकाकी प्रमुख मीनाकुमारी लामा र उपप्रमुख राजेश बानियाँको उपस्थितिमा घण्टाघरको शिलान्यास गरेको १० नम्वर वडा अध्यक्ष फुर्वा दोर्जे लामाले जानकारी दिनुभयो। करिब २ कट्ठा जग्गामा ५२ फिट अग्लो ५ तले घण्टाघरको निर्माण गर्न लागिएको हो। आर्थिक वर्ष २०८१/८२ मा बजेट पारित गरी करिब १ करोड ५ लाखमा घण्टाघरको स्थापना गरिने वडा अध्यक्ष लामाले जानकारी दिनुभयो।

# नवोदयको पूर्वप्राथमिक तहका विद्यार्थी दीक्षित



दीक्षान्त समारोहमा गीत गाउँदै विद्यार्थी ।

समाज संवाददाता

हेटौंडाः हेटौंडा-४ स्थित नवोदय शिशु सदन माविले पूर्वप्राथमिक तहको अध्ययन पूरा गरेका विद्यार्थीलाई दीक्षित गरेको छ। मंगलबार एक कार्यक्रमका बीच युकेजी तहको अध्ययन पूरा गरेका ९० जना विद्यार्थीलाई दीक्षित गरिएको हो। दीक्षान्त समारोहमा विद्यार्थीलाई प्रमाणपत्र वितरण गरिएको छ।

अभिभावकको उपस्थितिमा भएको कार्यक्रममा युकेजी तहको अध्ययन पूरा गरेका विद्यार्थीले नृत्य, गायन, उद्घोषण, नाटक कला प्रस्तुत गरेका थिए। विद्यार्थीलाई प्रोत्साहन गर्ने उद्देश्यले अभिभावकले समेत नृत्य प्रस्तुत गरेका थिए। विद्यालयको पूर्वप्राथमिक तह संयोजक एलिशा जोशीको अध्यक्षता तथा हेटौंडा स्कूल मफ म्यानेजमेन्टका प्रिन्सीपल पुरनबहादुर जोशीको प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो।

कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका सदस्य रामबाबु थापा, प्रिन्सीपल मनोज थिङ, मावि संयोजक सीएम रिमाल, मावि तहका शैक्षिक प्रमुख मञ्चन तिवारी, प्राथमिक तह शैक्षिक प्रमुख सचिता पाण्डेको पनि आतिथ्य रहेको थियो। गत शनिबार नवोदयले कक्षा १ को पाठ्यक्रममा आधारित रही विद्यार्थीलाई "म र मेरो वरपर" सम्बन्धी कार्यक्रमको आयोजना गरेको थियो।


# लागूऔषध गाँजासहित मन्सुरी पक्राउ

समाज संवाददाता

हेटौंडाः हेटौंडा-१९, नेवारपानीबाट लागूऔषध गाँजासहित प्रहरीले एक जनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा रौतहट जिल्लाको माधवनारायण-५, मिठुवाका २६ वर्षीय नूर आलम मन्सुरी रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ।

सोमबार साँझ ५ बजेर ३० मिनेटको समयमा पूर्व-पश्चिम राजमार्गमा ईलाका प्रहरी कार्यालय नेवारपानीबाट प्रहरी नायव निरीक्षकको टोली र ट्राफिक प्रहरीसहितको संयुक्त टोलीले म्याग्दी जिल्लाको बेनीबाट हेटौंडातर्फ आउँदै गरेको ना ६ ख ९५४९ नम्बरको यात्रुवाहक बसलाई सुरक्षाजाँच गर्दा बसमा सवार मन्सुरीको साथबाट लागूऔषध गाँजा २ केजी बरामद गरेको जनाएको छ। लागूऔषध गाँजासहित मन्सुरीलाई नियन्त्रणमा लिई थप अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालय मकवानपुर लगिएको प्रहरीले जानकारी दिएको छ।

हार्दिक समवेदना




जन्मः २०३१ चैत २५
स्व. गणेश भेटुवाल
देहान्तः २०८० चैत २०

बस्तीपुर जेसीज हाँडीखोलाका अध्यक्ष जेसी राजेश भेटुवालका दाजु, बस्तीपुर जेसीजका संस्थापक अध्यक्ष आदरणीय **गणेश भेटुवाल**को निधनको खबरले हामी मर्माहत भएका छौं। यस दुखद् घडीमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं।

जेसी अमृत पाठक
अध्यक्ष एवम् बस्तीपुर जेसीज हाँडीखोला परिवार
हेटौंडा-१९, बस्तीपुर

हार्दिक समवेदना



जन्मः २०३१ चैत २५
स्व. गणेश भेटुवाल
देहान्तः २०८० चैत २०

यस निर्मल बहुमुखी क्याम्पसका सल्लाहकार हरिवंश भेटुवालका ज्येष्ठ सुपुत्र, क्याम्पस सञ्चालक समितिका अध्यक्ष राजकुमार भेटुवालका दाजु, निर्मल बहुमुखी क्याम्पसका संस्थापक अध्यक्ष आदरणीय **गणेश भेटुवाल**को निधनको खबरले हामी मर्माहत भएका छौं। यस दुखद् घडीमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं।

क्याम्पस प्रमुख
एवम् निर्मल बहुमुखी क्याम्पस परिवार
हेटौंडा-१९, बस्तीपुर

### अन्तर प्रदेश फुटबल

# कर्णाली प्रदेश विजयी

समाज संवाददाता

हेटौँडाः बागमती प्रदेश खेलकुद विकास परिषद्को आयोजनामा जारी अन्तर प्रदेश राष्ट्रिय खेलकुद प्रतियोगिताअन्तर्गत् पुरुष फुटबल प्रतियोगिताको सोमबार भएको खेलमा कर्णाली प्रदेश विजयी भएको छ । हेटौंडा-६ स्थित गौरीटार रंगशालामा भएको खेलमा लुम्बिनी प्रदेशलाई टाइब्रेकरमा ४-२ गोल अन्तरले हराउँदै कर्णाली प्रदेशले विजयी सुरुवात गरेको हो । निर्धारित समयमा २-२ गोलको बराबरीमा रोकिएर खेल टाइब्रेकरमा पुगेको थियो ।

कर्णाली प्रदेशबाट पहिलो हाफको १६ औं मिनेटमा एक गोल गर्दै सुवस वमले पहिलो अग्रता दिलाएका थिए । लुम्बिनी प्रदेशबाट दोस्रो हाफमा १५ औं मिनेटमा रोहित सुनुवारले एक गोल गर्दै खेललाई बराबरीमा ल्याएका हुन् । दोस्रो हाफकै २६ मिनेटमा दीपकराज सिंहले एक गोल गर्दै अग्रतालाई बढाएका थिए । कर्णालीबाट फ्री किकको सदुपयोग गरेर कारण राउतले एक गोल गर्दै खेललाई बराबरीमा ल्याएका थिए । प्रतियोगिताको म्यान अफ द म्याच प्रवेश बुढाथोकी घोषित भएका छन् । प्रतियोगितामा ७ प्रदेशको टिम सहभागी रहेको छ । प्रतिगितामा प्रथम, द्वितीय र तृतीय हुनेले शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । फाइनल खेल बैशाख ४ गते हुनेछ । यसअघि सोमबार भएको पहिलो खेलमा मधेश प्रदेशलाई २-० गोल अन्तरले हराउँदै कोशी प्रदेशले विजयी सुरुवात गरेको थियो भने गण्डकी प्रदेशलाई टाइब्रकेरमा ३-१ गोल अन्तरले हराउँदै सुदूरपश्चिम प्रदेशले विजयी सुरुवात गरेको थियो ।

### हेटौंडा मेयर कप फुटबल प्रतियोगिता

# वडा नम्बर १ र १५ विजयी



समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिकाको वडास्तरीय मेयर कप फुटबल प्रतियोगिताअन्तर्गत् मंगलबारको खेलमा वडा नम्बर १ र १५ विजयी भएका छन् । मंगलबार हेटौंडा-५ स्थित पिप्ले-क्याम्प रंगशालामा भएको खेलमा वडा नम्बर १७ लाई हराउँदै १ नम्बर र वडा नम्बर २ लाई हराउँदै वडा नम्बर १५ ले विजयी सुरुवात गरेको हो ।

मंगलबारको पहिलो खेलमा वडा नम्बर १७ लाई टाइब्रेकरमा ६-५ गोलले हराउँदै वडा नम्बर १ ले विजयी सुरुवात गरेको नगर खेलकुद विकास समितिका सदस्य विजय गौतमले जानकारी दिनुभयो । निर्धारित खेल समय १-१ गोलको बराबरीपछि खेल टाइब्रेकरमा धकेलिएको थियो । निर्धारित खेल समयमा वडा नम्बर १ का लागि रोमण श्रेष्ठ र १७ का लागि सूर्य राईले एक-एक गोल गरेका थिए ।

खेलको म्यान अफ द म्याच वडा नम्बर १ का विश्व लामा घोषित भए । उनलाई केल्मी हेटौंडाले एक थान जर्सी वितरण गरेको छ । यस्तै, मंगलबारको दोस्रो खेलमा वडा नम्बर २ लाई ५-० को फराकिलो गोल अन्तरले हराउँदै वडा नम्बर १५ ले विजयी सुरुवात गरेको हो । वडा नम्बर १५ को जीतमा रितेश श्रेष्ठ र विश्वास भोलनले दुई-दुई तथा अनिश लामाले एक गोल गरे ।

प्रतियोगिताअन्तर्गत् बुधबार दुई खेल हुनेछ । बुधबारको पहिलो खेलमा वडा नम्बर १३ र १९ बीच प्रतिस्पर्धा हुनेछ । दुई टिमबीचको खेल दिउँसो १ बजे सुरु हुनेछ । यस्तै, बुधबारको दोस्रो खेलमा वडा नम्बर ६ र १८ बीच प्रतिस्पर्धा हुनेछ । दुई टिमबीचको खेल दिउँसो ३ बजे सुरु हुनेछ । प्रतियोगिताको फाइनल खेल बैशाख ४ गते हुनेछ । प्रतियोगिताको उपाधि विजेताले नगद २ लाख रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ भने उपविजेताले १ लाख ५० हजार रुपैयाँ प्राप्त गर्नेछ ।

# मच्छिन्द्रको संघर्षपूर्ण जीत

सिमराः विभागीय टोली त्रिभुवन आर्मी क्लब विरुद्ध संघर्षपूर्ण जीत निकाल्दै मच्छिन्द्र क्लब जगदम्बा स्टिल १४ औं जीतपुर-सिमरा गोल्डकपको सेमी फाइनलमा प्रवेश गरेको छ । मंगलबार राती सिमरा रङ्गशालामा भएको प्रतिस्पर्धात्मक खेलमा आर्मी विरुद्ध मच्छिन्द्रले १-० को संघर्षपूर्ण जीत निकाल्दै सेमिफाइनल यात्रा तय गरेको हो ।

मच्छिन्द्रको जीतमा खेलको ६९ औं मिनटमा शौरभ लिम्बुले निर्णायक गोल गरे । खेलको ६३ औं मिनटमा अभिषेक गुरुङको ठाउँमा मैदान प्रवेश गरेका लिम्बुले आर्मीका गोलरक्षक विकेश कुथुको गल्तीको फाइदा उठाउँदै सहजै गोल गरेका थिए । सेन्टर लाईनबाट बल अघि बढाएका विमल घर्ती मगरको पासमा सौरभ लिम्बुले डिबक्स बाहिरैबाट बललाई गोलपोष्टको दिशा दिएका थिए । मच्छिन्द्रको प्रयासलाई रोक्न डि-एरिया बाहिरै आइपुगेका आर्मीका गोलरक्षक कुथुलाई बिट गर्दै सौरभले सुन्दर गोल गरेका थिए ।

म्यान अफ दि म्याच मच्छिन्द्र फुटवल क्लबका मनिष डाँगी घोषित भए । उनले १० हजार नगद सहित ट्रफि प्राप्त गरे । बारागढी गाउँपालिकाका अध्यक्ष अशोक जयसवाल र शुभारम्भ कलेजका निर्देशक अनिल चौधरीले म्यान अफ दिम्याच को पुरस्कार प्रदान गरेका थिए । प्रतियोगिताअन्तर्गत बुधवार आयोजक नवजनजागृति युवा क्लब सिमरा र नेपाल प्रहरीको विभागीय टोली नेपाल पुलिस क्लबकाबीच खेल हुनेछ ।

# राक्सिराङमा कंकाल भेटियो

समाज संवाददाता

हेटौँडाः मकवानपुरको राक्सिराङ गाउँपालिकामा मानव कंकाल भेटिएको छ । मंगलबार बिहान १० बजेको समयमा राक्सिराङ गाउँपालिकाको गुफादेवी सामुदायिक वनमा कंकाल भेटिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

कपडाको आधारमा राक्सिराङ गाउँपालिका-३, लावतीका २५ वर्षीय गोविन्द प्रजाको शव भएको भनी परिवारले पहिचान गरेको प्रहरीले जनाएको छ । प्रहरीले भने डीएनए परीक्षण नगरी शव पहिचान गर्न नसकिने उल्लेख गरेको छ । गोविन्द प्रजा चैत ९ गते मंगलबार बिहान १० बजेको समयदेखि घरबाट हराएका थिए । मुचुल्का पश्चात कंकाललाई पोष्टमार्टमका हेटौंडा अस्पताल पठाइएको र थप अनुशन्धान कार्य भइरहेको प्रहरीले जानकारी दिएको छ ।

# हेटौंडामा एकल गायन प्रतियोगिता हुंदै

समाज संवाददाता

हेटौंडाः राष्ट्रिय संगीतकर्मी संघ मकवानपुरको आयोजनामा हेटौंडामा एकल गायन प्रतियोगिता हुने भएको छ । मंगलबार हेटौंडामा पत्रकार सम्मेलनको आयोजना गर्दै संघका अध्यक्ष अजित लोप्चनले एकल गायन प्रतियोगिता आयोजना गर्न लागिएको जानकारी गराउनुभयो ।

समाजमा लुकेर बसेका प्रतिभालाई बाहिर ल्याउने उद्देश्यले खुला एकल गायन प्रतियोगिता आयोजना गर्न लागिएको आयोजकको भनाइ छ । प्रतियोगितामा जुनसुकै स्थानका मानिसले पनि सहभागिता जनाउन पाउने आयोजकले जनाएको छ । एकल गायन प्रतियोगिता बैशाख ११, १२ र १३ गते हुन लागेको हो ।

प्रतियोगितामा ६० जनाले सहभागिता जनाउने आयोजकको अनुमान छ । आयोजकले प्रतियोगितामा सहभागिता जनाउनका लागि प्रतियोगीले एक हजार रुपैयाँ शुल्क बुझाउनु पर्नेछ । गायन प्रतियोगिता पहिलो, दोस्रो र तेस्रो गरी ३ चरणमा हुनेछ । प्रतियोगितामा पहिलो, दोस्रो, तेस्रो र उत्कृष्ट २ जना गायकलाई क्रमशः २० हजार, १५ हजार, १० हजार र २ हजार ५ सय नगद पुरस्कारको व्यवस्था गरेको छ ।

### अन्तरप्रदेश राष्ट्रिय खेलकुद प्रतियोगिता

# एथ्लेटिक्समा २२ पदक प्राप्त गर्दै बागमती प्रदेश प्रथम



समाज संवाददाता

हेटौंडाः बागमती प्रदेश खेलकुद विकास परिषदको आयोजना जारी अन्तर प्रदेश राष्ट्रिय खेलकुद प्रतियोगिताअन्तर्गत् एथ्लेटिक्सतर्फ बागमती प्रदेश प्रथम भएको छ । शनिबार चितवनको भरतपुर महानगर पालिकाको चित्रवन रंगशालामा सम्पन्न भएको प्रतियोगितामा ७ वटा स्वर्ण, ७ वटै रजत र ८ वटा कास्य पदक गरी २२ पदक प्राप्त गर्दै बागमती प्रदेश एथ्लेटिक्समा प्रथम हुन सफल भएको हो ।

सुदूरपश्चिम प्रदेशले ६ वटा स्वर्ण, ६ वटै रजत र ६ वटै कास्यगरी १८ वटा पदक प्राप्त गर्दै द्वितीय हुन सफल भएको छ भने तृतीय हुने लुम्बिनी प्रदेशले ४ वटा स्वर्ण, ६ वटा रजत र ४ वटा कास्यगरी १४ वटा पदक प्राप्त गरेको छ । यस्तै, मधेश प्रदेशले ३ वटा स्वर्ण र एउटा रजत गरी ४ वटा पदक प्राप्त गरेको छ ।

### तेक्वान्दो र कराँतेमा पनि बागमती प्रथम

हेटौंडाः चितवनको औद्योगिक प्रदर्शनी कभर्ड हलमा सम्पन्न भएको कराँते र तेक्वान्दो तर्फको उपाधि पनि बागमती प्रदेशले जितेको छ । तेक्वान्दोतर्फ बागमतीले ७ स्वर्ण, ४ वटा रजत र ९ वटा कास्यगरी २० पदकसहित प्रथम भएको हो भने कराँतेतर्फ ९ वटा स्वर्ण, ३ वटा रजत र ४ वटा कास्यगरी १६ वटा पदक प्राप्त गर्दै बागमती प्रथम भएको हो । तेक्वान्दोतर्फ लुम्बिनी प्रदेशले ३ वटा स्वर्ण, एउटा रजत र ११ वटा कास्य पदक गरी १५ वटा पदक प्राप्त गर्दै द्वितीय भएको छ भने कराँतेतर्फ कोशी प्रदेशले ५ स्वर्ण, २ वटा रजत र ६ वटा कास्य पदक प्राप्त गर्दै द्वितीय भएको छ । यस्तै, गण्डकी प्रदेशले तेक्वान्दोमा ९ वटा रजत र ४ वटा कास्यगरी १३ वटा पदक प्राप्त गर्दै तृतीय भएको छ भने कराँतेमा एउटा स्वर्ण, ६ वटा रजत र कास्य पदक प्राप्त गर्दै तृतीय भएको छ ।

### पौडी प्रतियोगिताको उपाधि बागमतीलाई

हेटौंडाः प्रथम अन्तरप्रदेश खेलकुद प्रतियोगिताअन्तर्गत् पौडी प्रतियोगिताको उपाधि पनि बागमती प्रदेशले जितेको छ । चितवनको एल्टिडी हवेलीमा सोमबार र मंगलबार सम्पन्न भएको प्रतियोगितामा बागमती प्रदेशले २७ स्वर्ण, १९ रजत र ७ वटा कास्य गरी ५३ वटा प्राप्त गर्दै उपाधि जितेको हो । यस्तै, सुदूरपश्चिम प्रदेशले ३ वटा स्वर्ण, ८ वटा रजत र ७ वटा कास्य पदक प्राप्त गर्दै द्वितीय भएको छ भने लुम्बिनी प्रदेशले ३ वटा कास्य पदक प्राप्त गर्दै तृतीय भएको छ । पौडीतर्फको खेलमा अरु प्रदेशहरु पदकविहीन भएका छन् ।

# निःशुल्क स्वास्थ्य शिविर हुंदै

समाज संवाददाता

हेटौंडाः मकवानपुरको भीमफेदी गाउँपालिकास्थित महेन्द्र माध्यमिक विद्यालय, भीमफेदी बजारमा निःशुल्क स्वास्थ्य शिविर हुने भएको छ । चैत २९ गते बिहीबार बिहान ८ बजेदेखि दिउँसो ४ बजेसम्म सल्लाघारी एल्मुनाई एसोसिएसन नेपाल र भीमफेदी गाउँपालिकाको सहकार्यमा निःशुल्क स्वास्थ्य शिविर हुन लागेको हो ।

शिविरमा विशेषज्ञ डाक्टरसहितको टोलीले निःशुल्क स्वास्थ्य परीक्षण गर्नेछन् । शिविरमा आँखासम्बन्धी समस्या, मुटुरोग, स्त्रीरोग, छाला रोगको जाँच तथा उच्च रक्तचाप, रगत परीक्षण आदि सेवा प्रदान गरिने बताइएको छ ।

# अवैध तेल नियन्त्रण

समाज संवाददाता

हेटौंडाः पूर्व-पश्चिम राजमार्गअन्तर्गत् हेटौंडा-१५, रातोमाटे चेकपोष्टबाट प्रहरीले अवैध नवरत्न तेल नियन्त्रणमा लिएको छ । सोमबार राति १० बजेर ५० मिनेटको समयमा पूर्वपश्चिम सडकखण्डमा प्रहरी चौकी रातोमाटेबाट खटिएको टोलीले पथलैयाबाट हेटौंडातर्फ आउँदै गरेको ना ६ ख ७०९९ नम्बरको बसलाई सुरक्षा जाँच गर्दा अवैध नवरत्न तेल फेला पारेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ । प्रहरीले बसको क्याबिनको भागमा लुकाई छिपाई राखिएको अवस्थामा १९ सय पिस नवरत्न तेल फेला पारी नियन्त्रणमा लिएको थियो ।


## ज्योति माध्यमिक विद्यालय

हेटौंडा-१८, हर्नामाडी

### शिक्षक आवश्यकता

*प्रथमपटक सूचना प्रकाशित मितिः २०८०/१२/२७*

प्रस्तुत विषयमा शिक्षा विकास तथा समन्वय इकाई मकवानपुको च.नं. १५०१, मिति २०८०/१२/२७ को प्राप्त पदपूर्ति अनुमतिपत्र तथा यस विद्यालयको व्यवस्थापन समितिको मिति २०८०/१२/२७ को बैठकको निर्णयानुसार यस विद्यालयमा रिक्त रहेको माध्यमिक तह नेपाली विषयको अस्थायी करार कोटामा एक (१) जना शिक्षक आवश्यक रहेको हुँदा इच्छुक योग्य नेपाली नागरिकबाट दरखास्त आव्हान गरिन्छ ।

**१) विज्ञापन नं. : १०/०८०।०८१**
२) तह : मावि (अस्थायी करार)
३) विषयः नेपाली
४) सेवा सुविधा : नेपाल सरकारको नियमानुसार ।
५) उमेर : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।
६) न्युनतम शैक्षिक योग्यता : वि.एड. वा सो सरह उत्तीर्ण ।
७) दरखास्त दस्तुर : रु २,०००/- (नेपाल बैंकको चल्ती खाता नं. ०२५००१००४४०५१२००००० मा रकम जम्मा गर्नु पर्नेछ ।
८) दरखास्त दिने अन्तिम मिति : २०८१।०१।११ गते दिउँसो ४:०० बजेसम्म । (करार सुचीमा भएका उम्मेदवारहरुको दरखास्त नपरेमा मात्र)
९) सम्पर्क मिति : २०८१।०१।१२ गते
१०) परीक्षा मिति : सम्पर्क मितिमा जानकारी गराइनेछ ।
११) परीक्षाको किसिम : लिखित, मौखिक, आवश्यक परेमा कक्षा अवलोकन

**आवश्यक कागजातहरू :**
१) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपिहरु - २ थान
२) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपिहरु - २ थान
३) अध्यापन अनुमतिपत्रको प्रतितिपि - २ थान
४) शिक्षण अनुभवको प्रमाणपत्रको प्रतिलिपिहरु - २ थान
५) अन्य अनुभव भएमा सोको प्रमाणपत्रको प्रतिलिपिहरु - २ थान
६) हस्तलिखित निवेदन १ प्रति

**नोट** : सम्पूर्ण कागजपत्रहरुको नोटरी पब्लिकबाट प्रमाणित प्रतिलिपि -२/२ थान
पूनश्च : शिक्षक सेवा आयोगबाट लिएको परीक्षाको करार सुचीमा भएका उम्मेदवारलाई विज्ञापन भएको मितिदेखि ७ (सात) दिनभित्रमा निवेदन पर्न आएमा योग्यताक्रमको आधारमा विद्यालय व्यवस्थापन समितिको निर्णय बमोजिम छनोट गरी नियुक्ति दिइनेछ ।
सम्पर्क नं. ९८४५१२६०२६ (प्र.अ.) वि.व्य.स. अध्यक्ष ९५५५०६९२३२

**प्रधानाध्यापक**



हेटौँडा स्थित कोषको पुरानो भवन भत्काउँदा निस्केका सामान (सग्लो तथा टुक्रा इटाहरु) को लिलाम बिक्रि गर्नका लागि कर्मचारी सञ्चय कोष शाखा कार्यालय हेटौँडाको

### सिलबन्दी बोलपत्र आव्हानको सूचना

*(प्रथम पटक प्रकाशित मिति २०८०/१२/२८ गते)*

हेटौँडा उपमहानगरपालिका-४, हुप्रचौरस्थित कर्मचारी सञ्चय कोष शाखा कार्यालय हेटौँडाको पुरानो भवन भत्काउँदा निस्केका लिलामयोग्य सामान (सग्लो तथा टुक्रा इटाहरु) को सिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गर्नुपर्ने भएकोले खरिद गर्न इच्छुक व्यक्ति/फर्म/कम्पनीले यो सुचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र कोषको हेटौँडास्थित शाखा कार्यालयबाट बोलपत्र फारम खरिद गरी पेश गर्नुहुन सूचित गरिन्छ । साथै यो सूचनाको विस्तृत विवरण कोषको हेटौँडास्थित कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ र कोषको website www.epf.org.np मा समेत हेर्न सकिनेछ ।

**कर्मचारी सञ्चय कोष**
**शाखा कार्यालय, हेटौँडा**
**फोन नं. ०५७-५२४३७७**



### बीमा पोलिसी हराएको सुचना

हेटौँडा–२, निवासी रोहन खतिवडाको नाममा रहेको एसियन लाइफ इन्स्योरेन्स शाखामा रहेको बाल भविष्य बीमा योजना (पोलिसी नं. ७०२५०००२५७८) मिति २०८० साल चैत्र २५ गतेका दिन मनकामना चोकबाट मकवानपुर बहुमुखी क्याम्पस आउने क्रममा हराएको हुँदा कहिँकतै देख्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तल उल्लेखित मोबाइल नम्बरमा सम्पर्क गरी जानकारी गराइदिनुहुन अनुरोध गरिन्छ । **सम्पर्कः ९८४५०२७६९८**


समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ